वर्ष : १ अंक : ७ बैशाख १४, २०७८

# गुल्मीदरबार ई-बुलेटिन

मासिक




## गुल्मीदरबार गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### गौडाकोट, गुल्मी

इमेल : ito.gulmidarbarruralmun@gmail.com, info@gulmidarbarmun.gov.np
बेवसाईट: www.gulmidarbarmun.gov.np

# शुभकामना



गुल्मीदरबार गाउँपालिकाको आ.व. ०७७।०७८ को नीति तथा कार्यक्रम मार्फत पालिकाले सुशासन कायम गर्दै भ्रष्टाचार शून्य सहनशीलताको नीति अवलम्बन गरेको छ । पालिकाको हरेक कृयाकलापहरुलाई पारदर्शि बनाई पालिकाका नागरिकहरुलाई सुसूचित गराउनको लागि मासिक ई-बुलेटिन प्रकाशन गर्ने नीति पालिकाले लिएको छ । पालिकाको समग्र कर्मचारी प्रशासनलाई चलायमान बनाउन, कर्मचारीलाई आफ्नो कामप्रति जिम्मेवार र जवाफदेही बनाउनको लागि गाउँ कार्यपालिकाको कार्यालयका विभिन्न गतिविधिहरु समेटेर मासिक रुपमा ई-बुलेटिन प्रकाशन गर्न गईरहेको छ । गाउँपालिकाका सबै जनप्रतिनिधि र कर्मचारीहरुको मुख्य उद्देश्य यहाँका नागरिकलाई सहज र सुलभ सेवा प्रवाह उपलब्ध गराई गुणस्तरीय विकास निर्माण गर्दै सुखी र समृद्ध पालिका निर्माणमा हामीहरु अहोरात्र लागि रहेका छौं । सुखी र समृद्ध पालिका बनाउने महान कार्यमा आम नागरिकको सहयोगको अपेक्षा गर्दछु । पालिकाबाट भए गरेका विभिन्न कृयाकलापहरुको बारेमा राय सुझाव उपलब्ध गराईदिनु हुन सादर अनुरोध गर्दछु । यस ई-बुलेटिनले पालिकाका नागरिकहरु र आम सरोकारवालाहरुलाई सुसूचित गराउनको लागि सहयोग पुग्नेछ भन्ने अपेक्षा लिंदै ई-बुलेटिनको सफलताको शुभकामना व्यक्त गर्दछु ।

(अशोक कुमार थापा)
अध्यक्ष

**अशोक कुमार थापा**
**गाउँपालिका अध्यक्ष**

गुल्मीदरबार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गाँडाकोट, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल



# प्रमुख प्रशासकीय अधिकृतको भनाई

समृद्ध र सुखी पालिका निर्माण गर्ने महान लक्ष्यमा गुल्मीदरबार गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष लगायत सम्पूर्ण जनप्रतिनिधिहरुको दृढ आत्मविश्वासको कारण समृद्ध पालिका निर्माणमा गुल्मीदरबार गाउँपालिका अगाडि बढिरहेको छ । गुल्मीदरबार गाउँपालिकाको आ.व. ०७७।०७८ को नीति तथा कार्यक्रम मार्फत गाउँपालिकामा सुशासन कायम गर्दै भष्ट्राचार शून्य सहनसिलताको नीति अवलम्बन गरिएको छ । जनप्रतिधि र कर्मचारीको संयोजन, सहकार्य र समन्वयबाट गाउँपालिकामा सुशासन कायम गर्दै गुणस्तरीय सेवा प्रवाहको लागि पालिका सम्पूर्ण कर्मचारीहरु Proactive भएर लागेको अवस्था रहेको छ ।

गुल्मीदरबार गाउँपालिकाले पालिकाका जनतालाई केन्द्रमा राखी जनताको अधिकतम हितको लागि सुशासन तथा सेवा प्रवाह, शिक्षा, स्वास्थ्य, कृषि, रोजगार, पूर्वाधार निर्माण सम्बन्धी कार्यलाई प्रभावकारी रुपमा संचालन गर्ने र संचालन गरेका विभिन्न गतिविधिहरुको जानकारी सम्बन्धित सरोकारवालाहरुलाई उपलब्ध गराउँदा सबैले सूचना पाउने संवैधानिक हकको प्रत्याभूति गराउन र सूचनाको हक सम्बन्धी ऐन तथा नियमावलीको कार्यान्वयन गर्नका लागि गाउँपालिकाले मासिक रुपमा ई-बुलेटिन प्रकाशन गरेको छ । पालिकाका विभिन्न शाखाबाट सम्पादन भएका कृयाकलापहरुको बारेमा सबैलाई सुसूचित गरी कर्मचारीलाई जिम्मेवारीबोध तुल्याई, पारदर्शिता, सदाचारिता र जवाफदेहिता कायम गरी प्रभावकारी सेवा प्रवाहको लागि यस एकीकृत ई-बुलेटिनले सहयोग पुग्नेछ भन्ने विश्वास लिएको छु । **सूचनानै शक्ति हो** भन्ने मान्यतालाई आत्मसाथ गर्दै ई-बुलेटिनको माध्यमबाट सम्पूर्ण गुल्मीदरबार गाउँपालिकाबासी जनताहरुलाई समग्र गाउँ कार्यपालिकाको कार्यालयको सबै क्षेत्रहरुको गतिविधिहरुको बारेमा सुसूचित गराउने यस ई-बुलेटिनको मुख्य उद्देश्य रहेकोले आगामी दिनमा यसलाई अझै परिस्कृत रुपमा प्रस्तुत गर्न यहाँहरु सबैले अमूल्य पृष्ठ पोषण उपलब्ध गराईदिनु हुन समेत सादर अनुरोध गर्दछु ।

(लक्ष्मण पाण्डे)
प्रमुख प्रशासकीय अधिकृत

## गुल्मीदरबार गाउँ कार्यपालिकाको कार्यालय तथा पालिका अन्तर्गतका वडाहरुमा रहेका इकाईहरुबाट सेवा लिंदा सेवाग्राही/नागरिकले ध्यान पुर्याउनु पर्ने विषयहरु

- कार्यालयबाट अबलम्बन गरिएको सेवा वितरणको प्रक्रिया र मापदण्डलाई पालना गर्ने,
- कर्मचारीहरुसँग नम्र,शिष्ट व्यवहार र शालिन व्यवहार प्रदर्शन गर्ने,
- सार्वजनिक सेवाको लागि विचौलिया लिई कार्यालयमा नआउने,
- कार्यालयको काम सम्बन्धी प्रकृया र आवश्यक कागजातका सम्बन्धमा नागरिक वडापत्र र सहायता कक्षबाट जानकारी लिने,
- सेवाप्रवाह सम्बन्धी प्रकृया र कागजातको बारेमा कार्यालयका कर्मचारीसँग बुझ्ने, नागरिक वडापत्र हेर्ने तथा कार्यालयमा रहेको सेवाप्रवाहसम्बन्धी जानकारी पुस्तिका प्रयोग गर्ने,
- कार्यालयले तोकेको सेवा प्रवाहको समय तालिकाको पालना गर्ने,
- कार्यालयमा सेवा लिन आउँदा धूमपान, मध्यपान गरेर नआउने,
- कार्यालयको परिसरमा धूमपान,मध्यपान तथा सूर्तिसेवन गरेको पाईएमा कानून अनुसार जरिवाना तिर्ने,
- कार्यालयको सम्बन्धित शाखाको कर्मचारीसँग आफ्नो कामको बारेमा विस्तृत रुपमा बुझ्ने र सोही अनुसार गर्ने,
- कर्मचारीलाई अनावश्यक स्वार्थ,दवाव,प्रलोभनमा पार्ने कार्य गैर कानूनी हुने हुँदा त्यस्तो कार्य नगर्ने,
- कार्यालय परिसरमा रहेका सार्वजनिक सम्पत्तिमा हानि पुयाउने कार्य नगर्ने,
- शौचालयको प्रयोग गरि सकेपछि पानीको प्रयोग गर्ने,जथाभावी नथुक्ने,अनावश्यक कागजात,वोतल लगायतका फोहोरलाई डस्टविनमा राख्ने,
- गाउँपालिकाको कार्यालयमा दिनको २ बजे देखि २:४० बजे सम्म खाजा खाने समय तोकिएको हुँदा केही समय धैर्य गरी सहायता कक्ष अगाडि राखीएको बेन्च मा बस्ने, टि.भी. हेर्ने तथा इन्टरनेटको सेवा लिई विभिन्न जानकारीहरु प्राप्त गर्ने,
- आफ्नो काम भैरहेको समयमा शाखामा गई भिडभाड नगर्ने र कर्मचारीसँग अनावश्यक गफगाफ गरी कर्मचारीको काममा डिस्टर्व नगर्ने,
- कार्यालयको दोस्रो तलामा तातो चिसो पानीको व्यवस्था गरिएको हुँदा उक्त सेवा लिने,
- कुनै पनि काममा ढिलासुस्ति भएमा वा अन्य कुनै गुनासो भएमा गाउँपालिका अध्यक्ष श्री अशोककुमार थापा (९८५७०७४४१०) र प्रमुख प्रशासकीय अधिकृत श्री लक्ष्मण पाण्डे (९८५७०६७९१२) मा सम्पर्क गरी ढिलासुस्ति गर्ने कर्मचारीको गोप्य उजूरी गर्ने,
- कार्यालयमा रहेको सुझाव पेटीकामा गुनासो तथा सुझाव राखी आगामी दिनमा अझ प्रभावकारी सेवा प्रवाहको लागि असल नागरिको भूमिका निर्वाह गर्ने,
- कार्यालयको कार्यहरु र सेवा प्रवाह सम्बन्धी अन्य कुनै गुनासो भएमा अध्यक्षको कार्यकक्ष कोठा नं. १ र प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्ष कोठा नं. ३ मा सम्पर्क राख्ने ।

# विषय सूची


**शिर्षक** **पेज नं.**

**गाउँपालिकाको परिचय** ...... 7
**ऐतिहासिक पृष्ठभूमी** ...... 7
**भौगोलिक विभाजन र सिमाना** ...... 8
**मुख्य जातजाती** ...... 9
**जनसंख्या** ...... 10
**दरवन्दी संरचना** ...... 10
**शाखागत कर्मचारीहरुको विवरण र कार्यविभाजन** ...... 10
**२०७७ चैत्र महिनामा भए गरेका मुख्य क्रियाकलापहरु** ...... 18
**सूशासन तथा सेवा प्रवाह** ...... 18
१. मासिक समीक्षा तथा स्टाफ बैठक संचालन ...... 18
२. गुल्मीदरबार गाउँपालिकाको संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) को नतिजा प्रकाशन ...... 19
३. सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न ...... 19
४. गुल्मीदरबार गाउँपालिकाको दोश्रो चौमासिक समिक्षा सम्पन्न ...... 20
६. व्यक्तिगत घटनादर्ता किताबको डिजिटाईजेसन ...... 21
७. गाउँपालिकाको अनलाईन राजस्व संकलन सम्बन्धी प्रशिक्षण कार्यक्रम ...... 22
७. ३१ पसलहरुको बजार अनुगमन, ९ पसललाई कारवाही, रु. ९००० राजश्व असुल ...... 22
**पूर्वधार विकास तथा वातावरण व्यवस्थापन शाखा** ...... 23
१. खर्ज्याङ्ग बाख्रे बन्द्रखुट्टा बिरबास सिस्ने जुभुङ्ग सडक निर्माण कार्य सम्पन्न ...... 23
२. पदम वहादुर मा.विको कम्पाउण्ड निर्माण कार्य सम्पन्न ...... 23
३. पिपल पोखरा ट्रस्ट निर्माण कार्य सम्पन्न ...... 23
४. उपल्लो छतडाडाँ ग्याविन निर्माण ...... 24
५. हाल सम्म सम्झौता भएको योजनाहरुको विवरण ...... 24
चैत्र महिनामा उपभोक्ता समिति मार्फत संचालन हुने योजनाहरुको सम्झौता विवरण ...... 24
निर्माण व्यवसायीबाट संचालन हुने योजनाहरुको विवरण ...... 26
**सामाजिक तथा आर्थिक विकास** ...... 27
शिक्षा तथा खेलकुद ...... 27
१. गाउँपालिकाको समग्र शैक्षिक अवस्था ...... 27

२. दोस्रो राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता सम्पन्न ........ 28
स्वास्थ्य ........ 28
१. स्वास्थ्य संस्थाहरुको मासिक समिक्षा सम्पन्न ........ 28
२. स्वास्थ्य आमा समूह बैठक सम्पन्न ........ 29
३. विद्यालय केन्द्रीत साथि शिक्षा कार्यक्रम ........ 30
कृषि ........ 30
१. कृषकहरूको फर्मको अवलोकन, अनुगमन तथा निरीक्षण ........ 30
२. कृषकसँग कृषि प्राविधिक कार्यक्रम संचालन ........ 30
सामाजिक विकास तथा लैंगिक समानता ........ 31
१. महिला अनुशिक्षण तालिम सम्पन्न ........ 31
**सूचना प्रविधि तथा विद्युत्तिय सुशासन** ........ 32
१. कार्यालयको वेभसाईट, सामाजिक संजाल र मोबाईल एप्समा अध्यावधिक ........ 32
२. E-System को राजश्व संकलन प्रणाली जडान ........ 32
**यस महिनामा भएका कार्यपालिकाका निर्णयहरु** ........ 33
**महत्वपूर्ण सूचनाहरु** ........ 38
जिल्ला तथा राष्ट्रिय मिडियामा गाउँपालिका ........ 39
चैत्र महिनामा संचालन भएका विभिन्न कार्यक्रमहरुको झलक ........ 40
**चैत्र महिनामा भए गरेका मुख्यकार्यहरुको प्रगती विवरण** ........ 42
१. राजश्व सम्बन्धी विवरणः ........ 46
२. धरौटी सम्बन्धी विवरणः ........ 47
४. खर्च सम्बन्धी विवरण ........ 48
**कार्यालयको सवारी साधन विवरण र प्रयोग गर्ने अधिकारी** ........ 49
**कर्मचारीको हाजिरी, काज र बिदा सम्बन्धी विवरण** ........ 50
कोभिड-१९संक्रमण रोकथाम तथा नियन्त्रण सम्बन्धीका कार्यहरु ........ 52
कोभिड सम्बन्धी विवरण ........ 52
जनप्रतिनिधिहरुको विवरण ........ 53
कर्मचारीहरुको विवरण ........ 55

## गाउँपालिकाको परिचय

नेपालको संविधानको मूल मर्म अनुसार संघ, प्रदेश र स्थानीय गरी तीन तहको सरकारको रुपमा आफ्नो अस्तित्वमा रहेका छन् । मिति २०७३।११।२७ नेपालको राजनैतिक विभाजन अन्तर्गत स्थानीय तह गठन भए सँगै गुल्मी जिल्लाकै ऐतिहासिह, धार्मिक, सांस्कृतिक र भौगोलिक महत्व बोकेको गुल्मीदरबार गाउँपालिका पनि ७५३ स्थानीय सरकार मध्येको आफ्नो छुट्टै पहिचान बोकेको एक स्थानीय सरकारको रुपमा स्थापना भएको छ । साविकको पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत पर्ने लुम्बिनी अञ्चलको गुल्मी जिल्लाका १२ स्थानीय तह मध्येको एक स्थानीय तह गुल्मीदरबार साविकका ६ वटा गाउँ विकास समितिहरुबलिथुम, जुभुङ, गौंडाकोट, विरवास, अमरअर्वाथोक, दरबारदेवीस्थानको संयोजन भई ७ वटा वडाहरुको स्थानीय तह बनेको छ।

## ऐतिहासिक पृष्ठभूमी

गुल्मी जिल्लाको सदरमुकाम तम्घासबाट १३ कि.मि. को दुरिमा रहेको यस गुल्मीदरबार गाउँपालिकाको आफ्नो छुट्टै ऐतिहासिक पृष्ठभुमीरहेको छ । यस गाउँपालिकाको पश्चिम दक्षिण तर्फ ६ कि.मि. को दुरिमा ऐतिहासिक गुल्मीदरबार अबस्थित छ । सोहि स्थानको नामबाट गुल्मी जिल्लाको नाम र यस गाउँपालिकाको नाम रहन गएको हो । गुल्मीदरबार रहेको उक्त स्थानलाई गुल्मी चारपाला पनि भनिन्छ । सो दरबारको ३ तलामाथि इष्टदेबि ईश्वरीको मन्दिर छ,उनको पूजा शारदिय तथा बसन्त गरी २ पटक हुने गर्दछ ।यसै मन्दिरका कारणले यस क्षेत्र र गुल्मी जिल्ला प्रख्यात छ ।

इतिहास विद राजराम सुवेदीका अनुसार खास गुल्मी का राजाको राज्यस्थल चारपालालाई भनिन्थ्यो। हनुमान ढोकालाई काठमाडौं भनेजस्तै चारपाला इकाईलाई गुल्मी भनिएको हो । गुल्मी चारपालामा क्रमशः पाल्पाथोक, अर्बाथोक, गलामथोक तथा मुसिकोटथोक गरि ४ वटा पाला थिए भने यिनका अतिरिक्त उप्रिकोटथोक एउटा छुट्टै प्रशासनिक इकाई थियो। यसरी गुल्मीमा ९८ मौजा थिए भने प्रत्येक मौजामा जिम्मावाल र मुखियाले स्थानिय नेतृत्वको रुपमा काम गर्ने चलन थियो ।गुल्मी चारपाला दरबारमा राजाको बास हुन्थ्यो र त्यसैलाई गुल्मी राज्यको राजधानी भनिन्थ्यो ।

गुल्मीचारपाला अन्तर्गत पाल्पाथोकमा मेहेलडाडा,खोर्लेया,धरमपानी,जामुने,खिलु, गुरुमथुम, अमराइ, बेलपोखरा, धायरचौर, क्वादी, बगैचा, गाउचौर, बानपोखरा, फर्सवा, आपपाटा, कल्टुङ्ग,चतुरडाडा पर्दथे ।अमर अर्बाथोक अन्तर्गत कुन्थोक, डाडापोखरी, तल्लो हटिया, नेटाखर्क, हरिथुम, गाउचौर, बेग्र ,सिलथुम, तोस, गौरिपोखरी, रानाटोला, अडडाडा, ग्वालीनचौर, ढुग्रेरीपाखा, बाखे्र, अजर्याङ्गबास, चित्रेडाडा, नरम र चिस्तु पर्दथे । गलामथोक अन्तर्गत उपल्लो हटिया, दमाइटोल, काफलचौर, मेहेलडाडा, गैराखर्क, सल्लेरी, जोर्तेपोखरा, बगैचा, स्यालापानी, ढयाखर्क, तिर्तिरे, पिरिडाडा, चौका, कुबिण्डे रिपाहाटोल, रोहटेपानी, उखाप, लामीडाडा, कोलहर, चौर, डाव, घोर्ले, कल्लेरी, गौरादी, भलाचौर, सिवु, चनौपाटा, खर्सशारुटोल, अमलेखर्क, रिमी, बोटे र रुमाखर्क पर्दथे । मुसिकोटथोक अन्तरगत देउराली, चितपानी, बासडाडा, साजर, कारपाटा, बडडाडा, खोला, माझपोखरी, अर्खले, तोलुङ्ग, पेखनपोखरा, गौरादी, कुडापानी, गौडाकोट, काउले, ढावा, जैसिपोखरा, लामीडाडा, बजारमारे, डुम्रिपोखरा, खिर्तिप, ठूलाचौर, ठूलोपोखरा, उप्रीकोट, बाजाबारी, डोहोटा, सातघर, भुटुका, बिरबास, रुमाखर्क, बदरखुट्टा, दह, राजा, म्यालपोखरी, बौदी, कोलघर, राङ्गबास, खनियाबास, ठूलाखर्क, चिदिका

दौघा, खज्र्याङ्ग, मानकोट, धरमपानी, दुम्सीकोट, रिडी, वाङला, अर्घातोस, धैरेनी, ठूलापोखरा, केरुङ बल्कोट, मेहेलटुप्पा, हाँडिकोट, बडडाडा, घोर्ले, दुबिचौर, उर्लेनी, कल्लेरी, बसानी, तम्घास र अर्खले आदी पर्दथे ।

## भौगोलिक विभाजन र सिमाना

यस गुल्मीदरबार गाउँपालीकालाई साबिकको बलिथुम गा.वि.स. लाई वडा नं. १,जुभुङ्ग गा.वि.स. लाई वडा नं. २, गौडाकोट गा.वि.स. लाई वडा नं. ३,बिरबास गा.वि.स. लाई वडा नं. ४,अमरअर्बाथोक गा.वि.स. लाई वडा नं. ५, दरबारदेबिस्थान गा.वि.स.को साविकको वडा नं.४,७,८ र ९ लाईसमेटेर वडा नं.६,र दरबारदेबिस्थान गा.वि.स. कै साविकका वडा नं. १,२,३, ५ र ६ लाई समेटर वडा नं.७ कायम गरी पालिकालाईजम्मासात वटा वडामा बिभाजन गरिएको छ । यसको पुर्व पट्टि रुद्रावति नदी, पश्चिमतर्फ बठोवा खोला र केदुवा खोला, उत्तरतर्फ रेसुङ्गाकोल साध र दक्षिणतर्फ बाखेखोला पर्दछन ।

**गुल्मीदरबार गाउँपालिकाको राजनैतिक विभाजन तथा सिमाना**

प्रदेश : लुम्बिनी

जिल्ला : गुल्मी

गाउँ कार्यपालिकाको कार्यालय : गौंडाकोट

वडा संख्या : ७

गाउँपालिकाको केन्द्र : गौडाकोट

भौगोलिक अवस्था तथा सिमाना

क्षेत्रफल : ७९.९९ वर्ग किलोमिटर

पूर्व : छत्रकोट र चन्द्रकोट गाउँपालिका

पश्चिम : रेसुङ्गा नगरपालिका

उत्तर : चन्द्रकोट गाउँपालिका र मुसिकोट नगरपालिका

दक्षिण : छत्रकोट गाउँपालिका र अर्खाखाँची जिल्लाको छत्रदेव गाउँपालिका

## मुख्य जातजाती

यस गाउँपालिकामा बसोबास गर्ने मध्ये ब्राहमण/क्षेत्री र जनजातिको बाहुल्यता छ । त्यस बाहेक दलित र अन्य जातिकामानिस बसोबास गर्ने गर्दछन ।

| वडा नं. | ब्राहमण /क्षेत्री | जनजाती | दलित | जम्मा |
|---|---|---|---|---|
| १ | ११७५ | २३६९ | ७६८ | ४३१२ |
| २ | २४९९ | ११९३ | ८२९ | ४५२१ |
| ३ | १४३६ | ९५७ | ५०० | २८९३ |
| ४ | २१०७ | २०४७ | ६४४ | ४७९८ |
| ५ | ७७९ | ८६३ | ५५९ | २२०१ |
| ६ | ११९४ | ७५६ | ५८५ | २५३५ |
| ७ | २०९१ | ११७७ | ९४२ | ४२१० |
| **जम्मा** | **११,४८६** | **८,९५५** | **५,०२७** | **२५,४६९** |



## जनसंख्या

२०६८ सालको जनगणना अनुसार यस गाउँपालिकाको कुल जनसंख्या २२,०३७ (१२,८५५ महिला र ९,१८२ पुरुष) रहेको छ ।गाउँपालिकाको वस्तुस्थिति विवरणमा लिएको तथ्याङ्क अनुसार पालिकाको जनसंख्या २५,४६९ (महिला १४,८२७ र पुरुषका १०,६४२) रहेको छ ।

## दरवन्दी संरचना



## शाखागत कर्मचारीहरुको विवरण र कार्यविभाजन

| सि.नं | कर्मचारीको नाम | पद | सम्पर्क नम्बर | कार्य विवरण |
|---|---|---|---|---|
| १ | लक्ष्मण पाण्डे | प्रमुख प्रशासकीय अधिकृत | ९८५७०६७९१२ | अध्यक्षद्वारा प्रत्यायोजित अधिकार बमोजिम कार्यालय प्रमुख भई गाउँपालिकाको समग्र क्षेत्रको कार्य गर्ने |
| २ | नारायण प्रसादअर्याल | अधिकृत छैठौं, स्वास्थ्य | ९८५७०८५२११ | स्वास्थ्य शाखा प्रमुख भई प्रत्यायोजित अधिकार बमोजिम स्वास्थ्यसँग सम्बन्धित विभिन्न कार्यहरु सम्पादन गर्ने |
| ३ | नवराज घिमिरे | अधिकृत छैठौं प्रशासन | ९८५७०८५२०९ | सामाजिक विकास शाखा प्रमुख भई सामाजिक विकाश शाखा अन्तर्गतका विभिन्न कार्यहरुप्रत्यायोजित अधिकार बमोजिम सम्पादन गर्ने । |
| ४ | टंक प्रसाद पन्थी | अधिकृत छैठौं प्रशासन | ९८५७०८५२०८ | योजना, प्रशासन शाखा प्रमुख भई कर्मचारी प्रशासन, योजना तथा अनुगमन सम्बन्धीकाप्रत्यायोजित अधिकार बमोजिम कार्यहरु सम्पादन गर्ने |
| ९ | उजेलीदेवि पोखेल | अधिकृत छैठौं, पशु प्राविधिक | ९८५७०८५२१० | पशुपंक्षी विकाश शाखा प्रमुख भई प्रत्यायोजित अधिकार बमोजिमका कार्यहरु सम्पादन गर्ने । |
| १० | भविष्य अर्याल | अधिकृत छैठौं, लेखा | ९८५७०८५२१५ | आर्थिक प्रशासन शाखा प्रमुख भई प्रत्यायोजित अधिकार बमोजिमनियमानुसार लेखा सम्बन्धी काम गर्ने ,श्रेस्ता राख्ने,लेखापरीक्षण गराउने र बेरुजु फछ्र्यौट सम्बन्धीका कार्यहरु गर्ने । |
| ६ | राजु अर्याल | ईन्जिनीयर,अधिकृत छैठौं | ९८५७०८५२१४ | पूर्वाधार विकास शाखा प्रमुख भई प्रत्यायोजित अधिकार बमोजिम पालिकाको पूर्वाधार निर्माण तथा समग्र विकास निर्माणसँग सम्बन्धित विभिन्न कार्यहरु गर्ने । |
| ७ | सुन्दर चालिसे | अधिकृत छैठौं, शिक्षा | ९८५७०८५२१३ | शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख भई प्रत्यायोजित अधिकार बमोजिममा पालिकाको विद्यालय शिक्षा, आधारभूत तहको परीक्षा संचालन विद्यालय अनुगमन तथा मूल्याङ्कन |

| सि.नं | कर्मचारीको नाम | पद | सम्पर्क नम्बर | कार्य विवरण |
|---|---|---|---|---|
| | | | | लगायत शिक्षा तथा खेलकुद सम्बन्धी तोकिएका विभिन्न कार्यहरु सम्पादन गर्ने |
| ८ | सुरेश खनाल | सूचना प्रविधि अधिकृत | ९८५७०७४४०० | सूचना प्रविधि शाखा प्रमुख भई प्रत्यायोजित अधिकार बमोजिम विद्युतिय शुसासन लगायत पालिकाकोसूचना प्रविधि तथा कम्प्युटर सम्बन्धी कार्य गर्ने । |
| ९ | निर्मला पाण्डेय | रोजगार संयोजक | ९८६७०१४३०० | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको TOR बमोजिमका विभिन्न कार्यहरु सम्पादन गर्ने |
| १० | अनिल कुमार यादव | ईन्जिनीयर पुन निर्माणप्रा. | ९८६३९७०५४७ | राष्ट्रिय पुननिर्माण प्राधिकरणले दिएको TOR बमोजिम पुन:निर्माण सम्बन्धीका कार्य गर्ने |
| ११ | आविश्कार खत्री | अधिकृत छैठौं, कृषि | ९८५७०८६२१२ | कृषि शाखा प्रमुख भई प्रत्यायोजित अधिकार बमोजिम गाउँपालिकाको समग्र कृषि क्षेत्रको वृहत्तर हितको लागि कार्य गर्ने गराउने । |
| १२ | भिमसेन थापा | सहायक पाँचौं (प्रशासन) | ९८५७०६१७३२ | प्रत्यायोजित अधिकार बमोजिम जिन्सी व्यवस्थापन, सामाग्री खरिद व्यवस्थापन लगायतका कार्यहरु सम्पादन गर्ने |
| १३ | घनश्याम चुँदाली | वडा सचिव | ९८५७०८५२०४ | ४ नं. वडा कार्यालयको वडा सचिव भई प्रत्यायोजित अधिकार बमोजिम वडाको प्रशासनिक प्रमुख भई कामकाज गर्ने । |
| १४ | खिम बहादुर कार्की | खा.पा.स.टे. पाँचौं | ९८५७०६७९६१ | खानेपानी पुर्वाधार विकास सम्बन्धी तोकिए बमोजिमका कार्य गर्ने |
| १५ | तेजेन्द्र थापा | सहायक पाँचौं (लेखा) | ९८५७०६४०७८ | पालिकाको राजश्व आम्दानी सम्बन्धी कार्य गर्ने, दैनिक,साप्ताहिक तथा मासिक रुपमा राजश्व बैंक दाखिला गर्ने गराउने र प्रमुख प्रशासकीय अधिकृतको निर्देशानुसार लेखा प्रमुखसँग समन्वय गरी पालिकाको आर्थिक प्रशासन सम्बन्धी विभिन्न कार्य गर्ने । |

| सि.नं | कर्मचारीको नाम | पद | सम्पर्क नम्बर | कार्य विवरण |
|---|---|---|---|---|
| १६ | टेकराज गिरी | आ.ले.प.सहायक | ९८४४७४६१०६ | तोकिएको समयमा आन्तरिक लेखा परीक्षण गरी बेरुजु शून्य गराउन आवश्यक सहयोग गर्ने र पालिकामा आर्थिक अनुशासन कायम गर्ने । |
| १७ | माया टण्डन | वडा सचिव | ९८५७०८५२०७ | ५,६ र ७नं. वडा कार्यालयको वडा सचिव भई प्रत्यायोजित अधिकार बमोजिम वडाको प्रशासनिक प्रमुख भई कामकाज गर्ने । |
| १८ | विक्रम बस्नेत | सव-इन्जिनियर | ९८५७०८९५२७ | पुर्वाधार विकास शाखामा रही शाखा प्रमुखसँगको समन्वयमा पूर्वाधार विकास, लगत स्टिमेट मूल्याङ्कन, प्राविधिक अनुगमन लगायतका विकास निर्माणसँग सम्बन्धित कार्यहरु गर्ने साथै ७ नं. वडा कार्यालयको समेत प्रावधिक कार्य सम्पादन गर्ने । |
| १९ | सिता लम्तरी | सव-इन्जिनियर | ९८४७३३४६३९ | ३ नं. वडा कार्यालयको विकास निर्माण र पुर्वाधार विकास सम्बन्धी प्राविधिक कार्य गर्ने |
| २० | टुक बहादुर राना | कम्प्यूटर अपरेटर | ९८४७५९६३९३ | सूचना प्रविधि शाखामा रही सूचना प्रविधि तथा कम्प्युटर सम्बन्धी तथा अन्य तोकिएको जिम्मेवारी अनुसारका कार्यहरु सम्पादन गर्ने । |
| २१ | धाम बहादुर ढेंगा | एम.आइ.एस. अपरेटर | ९८५७०६४७२५ | पन्जिकरण तथा सामाजिक सुरक्षा तर्फको तथ्याङ्क अभिलेखिकरण सम्बन्धीका कार्यहरु सम्पादन गर्ने । |
| २२ | रमेश खड्का | प्राविधिक सहायक | ९८४७११४१७ | रोजगार सेवा केन्द्रमा रहि प्रधानमन्त्री रोजगार कार्यक्रमको प्राविधिक पक्षको कामकाज गर्ने |
| २३ | जग बहादुर सर्तुङ्गी | वडा सचिव | ९८५७०८५२०१ | १ नं. वडा कार्यालयको वडा सचिव भई प्रत्यायोजित अधिकार बमोजिम वडाको प्रशासनिक प्रमुख भई कामकाज गर्ने । |

| सि.नं | कर्मचारीको नाम | पद | सम्पर्क नम्बर | कार्य विवरण |
|---|---|---|---|---|
| २४ | पूर्णिमा घिमिरे | वडा सचिव | ९८५७०८५२०३ | ३ नं. वडा कार्यालयको वडा सचिव भई प्रत्यायोजित अधिकार बमोजिम वडाको प्रशासनिक प्रमुख भई कामकाज गर्ने । |
| २५ | रुम बहादुर गाहा | वडा सचिव | ९८५७०८५२०२ | २ नं. वडा कार्यालयको वडा सचिव भई प्रत्यायोजित अधिकार बमोजिम वडाको प्रशासनिक प्रमुख भई कामकाज गर्ने । |
| २६ | विरेन्द्र कुमार टण्डन | असिस्टेन्टसब-इन्जिनियर | ९८५७०५७३६७ | ४ नं. वडा कार्यालयको विकास निर्माण र पुर्वाधार विकास सम्बन्धी प्राविधिक कार्य गर्ने |
| २७ | गोकर्णप्रसादतिमिल्सैना | असिस्टेन्टसब-इन्जिनियर | ९८४८५५००६७ | १ र २ नं. वडा कार्यालयको विकास निर्माण र पुर्वाधार विकास सम्बन्धी प्राविधिक कार्य गर्ने |
| २८ | सागर सारु | असिस्टेन्ट सब-इन्जिनियर | ९८४७४९६४७४ | ५ र ६ नं. वडा कार्यालयको विकास निर्माण र पुर्वाधार विकास सम्बन्धी प्राविधिक कार्य गर्ने |
| २९ | प्रकाश थापा | सूचना सहायक | ९८५७०६४९६१ | सम्बन्धित फाँट प्रमखुको मातहतमा रही तोकिएको कार्य गर्ने । |
| ३० | लिल बहादुर घर्ति | ना.कृ.प्राविधिक | ९८४५५९१६७४ | गाउँपालिकाको कृषि शाखामा रही पालिकाको कृषि विकास सम्बन्धी प्रत्यायोजित अधिकार बमोजिम कार्य गर्ने साथै १ र २ नं. वडा कार्यालयको कृषि प्राविधिक समेतको कार्य गर्ने । |
| ३१ | नारायण पन्थी | ना.प.स्वा.प्राविधिक | ९८५७०६७४०८ | १ र २ नं. वडा कार्यालयमा पशु प्राविधिकको रुपमा रही पशुस्वास्थ सम्बन्धीका विभिन्न कार्यहरु सम्पादन गर्ने । |
| ३२ | उद्धव प्रसाद न्यौपाने | ना.प.स्वा.प्राविधिक | ९८५७०३५७६० | ३ र ४ नं. वडा कार्यालयमा पशु प्राविधिकको रुपमा रही पशुस्वास्थ सम्बन्धीका विभिन्न कार्यहरु सम्पादन गर्ने । |

| सि.नं | कर्मचारीको नाम | पद | सम्पर्क नम्बर | कार्य विवरण |
|---|---|---|---|---|
| ३३ | जयहिमाल कँडेल | ना.प.स्वा.प्राविधिक | ९८४७५०७५३६ | ६ र ७ नं. वडा कार्यालयमा पशु प्राविधिकको रुपमा रही पशुस्वास्थ सम्बन्धीका विभिन्न कार्यहरु सम्पादन गर्ने । |
| ३४ | हरिप्रसाल कँडेल | ना.प.स्वा.प्राविधिक | ९८५७०३६१३१ | ५ नं. वडा कार्यालयमा पशु प्राविधिकको रुपमा रही पशुस्वास्थ सम्बन्धीका विभिन्न कार्यहरु सम्पादन गर्ने । |
| ३५ | नमुना गौतम | ना.कृ.प्राविधिक | ९८४०५९८६१३ | ४ र ५ नं. वडा कार्यालयको कृषि प्राविधिक सम्बन्धी कार्य गर्ने । |
| ३६ | सकुन्तला मल्ल शाही | ना.कृ.प्राविधिक | ९८६६४१२०६६ | ६ र ७ नं. वडा कार्यालयको कृषि प्राविधिक सम्बन्धी कार्य गर्ने । |
| ३७ | मोहन सिं तङ्नामी | सहायक कर्मचारी | ९८४७३५७४३१ | ५ नं. वडा कार्यालयको सहायक कर्मचारीको रुपमा रही वडा सचिवको काममा सहजिकरण लगायतका अन्य तोकिएका कार्यहरु सम्पादन गर्ने । |
| ३८ | भेषविक्रम खत्री | सहायक कर्मचारी | ९८५७०६७४३५ | ७ नं. वडा कार्यालयको सहायक कर्मचारीको रुपमा रही वडा सचिवको काममा सहजिकरण लगायतका अन्य तोकिएका कार्यहरु सम्पादन गर्ने । |
| ३९ | विनिता ज्ञवाली | फिल्ड सहायक | ९८४७४३२९५० | पालिकाको पन्जिकरण शाखामा रही पन्जिकरण सम्बन्धिका विभिन्न कार्यहरु गर्ने । |
| ४० | अमर बहादुर पल्ली | खेलकुद शिक्षक | ९८६७७३८८८५ | शिक्षा युवा तथा खेलकुद शाखामा रही विद्यालयस्तर र समग्र गाउँपालिकामा खेलकुद सम्बन्धी विभिन्न प्रशिक्षण दिने कार्य गर्ने । |
| ४१ | मित्रलाल ज्ञवाली | कार्यालय सहयोगी | ९८४७१०६५१२ | गाउँ कार्यपालिकाको कार्यालयमा रही सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |
| ४२ | ओम बहादुर रजाली | कार्यालय सहयोगी | ९८४७४४२८१४ | ४ नं. वडा कार्यालयमा सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |

| सि.नं | कर्मचारीको नाम | पद | सम्पर्क नम्बर | कार्य विवरण |
|---|---|---|---|---|
| ४३ | गोविन्द थापा | हलुका सवारी चालक | ९८४४७७०९८६ | सवारी साधन चलाउने र आवश्यकतानुसार कार्यालयको अन्य कामकाज गर्ने । |
| ४४ | महेन्द्र कार्की | ह.स.चा.(एम्बुलेन्स चालक) | ९८४७२३२८८८ | गाउँपालिकाको एम्बुलेन्स संचालन सम्बन्धी कार्य गर्ने |
| ४५ | टोपलाल ज्ञवाली | कार्यालय सहयोगी | ९८४३८६०८६२ | गाउँ कार्य पालिकाको कार्यालयमा सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |
| ४६ | चोलाकान्त पौडेल | कार्यालय सहयोगी | ९८४७३९२८३५ | गाउँ कार्य पालिकाको कार्यालयमा सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |
| ४७ | गोमा खत्री | कार्यालय सहयोगी | ९८४०४७५७४५ | सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |
| ४८ | टीकाराम पराजुली | कार्यालय सहयोगी | ९७४७०४७४२८ | १ नं. वडा कार्यालयमा सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |
| ४९ | समुन्द्र प्रसाद श्रेष्ठ | कार्यालय सहयोगी | ९८४७४५३८७७ | २ नं. वडा कार्यालयमा सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |
| ५० | नैना थापा | कार्यालय सहयोगी | ९७४७०६०६४६ | ३ नं. वडा कार्यालयमा सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |
| ५१ | अर्जुन वि.क. | कार्यालय सहयोगी | ९८६७९२८०१८ | ३ नं. वडा कार्यालयमा सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |
| ५२ | शान्ता गिरी | कार्यालय सहयोगी | ९८४७३५८८५२ | ५ नं. वडा कार्यालयमा सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |
| ५३ | दिनेश प्रसाद श्रेष्ठ | कार्यालय सहयोगी | ९८४७३५७६६८ | ६ नं. वडा कार्यालयमा सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |

## अन्य कर्मचारी विवरण

| सि.नं | कर्मचारीको नाम | पद | सम्पर्क नम्बर | कार्य विवरण |
|---|---|---|---|---|
| १. | श्री नरेन्द्र प्रसाद शर्मा | स्रोत व्यक्ती शिक्षा | ९८५७०६७२८७ | प्रत्यायोजित अधिकार बमोजिमव शिक्षा क्षेत्रसँग सम्बन्धित विभिन्न कार्यहरु सम्पादन गर्ने । |
| २. | श्री हरीप्रसाद अर्याल | कानूनी सल्लाहकार | ९८५७०६१८६४ | न्याय समितिका विभिन्न कार्यहरु सम्पादन गर्ने र गाउँ कार्यपालिकाको ऐन, नियम, नीति निर्माणमा आवश्यक कानूनी परामर्श प्रदान गर्ने । |
| ३. | श्री नविन कार्की | प्रेस सल्लाहकार | ९८४१६४८२७२ | गाउँपालिका विभिन्न गतिविधिहरुको सूचनाहरु आम नागरिक तथा मिडीयामा सम्प्रेषण गर्ने र गाउँपालिकालाई आवश्यकतानुसार सल्लाह सुझाव उपलब्ध गराउने । |
| ४. | श्री सुदा ज्ञवाली | कार्यक्रम सहजकर्ता | ९८४७४१४९७६ | मुख्यमन्त्रि ग्रामिण विकास तथा रोजगार कार्यक्रमको संचालनको लागि आवश्यक सहयोग र समन्वय गर्ने । |
| ५ | श्री महेन्द्र परियार | उद्यम विकास सहजकर्ता | ९८४७५८३००० | गाउँपालिकामा संचालन हुने लघुउद्यम विकास अर्न्तगत लघुउद्यमी सिर्जना गर्ने तालिम संचालन गर्न लगाएतका अन्य तोकिएका कार्य गर्ने |
| ६ | श्री भगवती थापा | उद्यम विकास सहयोगी | ९८४७०४०४०० | |
| ७ | श्रृजना खत्री थापा | सुपरिवेक्षक | ९८४७५७४६९५ | गरिब पहिचान तथा परिचय पत्र वितरण कार्यक्रमको लागि पालिकाको सबै वडाहरुको घर घरमा गई विवरण संकलन गर्ने |
| ८ | सिसिर श्रेष्ठ | गणक | ९८६०३९००८० | |
| ९ | कृष्णमाया कुंवर | गणक | ९८६७२६२०४७ | |
| १० | किरण कार्की | गणक | ९८४०४८७५९० | |
| ११ | हिमाल श्रेष्ठ | गणक | ९८४०५९८६६१ | |
| १२ | दशरथ पाण्डे | गणक | ९८४७५९८३२६ | |

# २०७७ चैत्र महिनामा भए गरेका मुख्य क्रियाकलापहरु

## सूशासन तथा सेवा प्रवाह

### १. मासिक समीक्षा तथा स्टाफ बैठक संचालन

गुल्मीदरबार गाउँपालिका, गाउँ कार्यपालिका कार्यालयको मिति २०७७/१२/०५ गते प्रमुख प्रशासकीय अधिकृत श्री लक्ष्मण पाण्डेको अध्यक्षतामा नियमित मासिक समीक्षा तथा नवौं स्टाफ बैठक देहाय बमोजिम छलफल तथा निर्णय गरि सम्पन्न भयो ।

१. आ-आफ्नो शाखाले सम्पादन गरेका कार्यहरूको मासिक समीक्षा ।
२. यस अघि भएका निर्णयहरूको कार्यान्वयनको समीक्षा
३. नयाँ नियुक्त हुनुभएका कृषि अधिकृत, अधिकृत छैठौं श्री आविष्कार खत्रीलाई कार्यालयमा स्वागत ।
४. दोस्रो चौमासिक समीक्षाको पूर्व तयारी ।
५. कर्मचारी मूल्याङ्कन फारामहरूको बारेमा छलफल
६. सेवा प्रवाह गर्दा आईपरेका विभिन्न समस्याहरूको बारेमा छलफल गर्दै प्रभावकारी सेवा प्रवाहको लागि कटिवद्ध र प्रतिवद्ध हुने ।
७. LISA सम्बन्धमा छलफल तथा जानकारी ।
८. वडामा रहेका कार्यालयहरूको अनुगमनको क्रममा देखिएको अवस्थाको बारेमा छलफल गर्दै औंल्यायीएका कुराहरूमा आवश्यक सुधार गर्न निर्देशन।
९. प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुख बीच गरिएको कार्य सम्पादन करार सम्झौताको दोस्रो चौमासिक प्रतिवेदन पेश गर्ने सम्बन्धमा छलफल ।
१०. गाउँपालिका र मातहत कार्यालयहरूमा प्रयोगमा ल्याइएको विधुतिय हाजिरी प्रणालीको (e-attendance software) जानकारी एवं अनुशिक्षण ।
११. परिचय पत्र, ड्रेस कोड लगायत कर्मचारीहरूको आचरण अनुशासन पालना गर्दै जनता-जनप्रतिनिधि-कर्मचारी बीच सुमधुर सम्बन्ध कायम राख्दै नागरिक केन्द्रित सेवा प्रवाह सम्बन्धमा छलफल





## २. गुल्मीदरबार गाउँपालिकाको संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) को नतिजा प्रकाशन

**चैत्र २२:**

गुल्मीदरबार गाउँपालिकाको आ.व. ०७६/०७७ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी गरिएको कार्यविधि अनुसार विभिन्न १० वटा सूचकहरुमा मूल्याङ्कन गरि पालिकाको कार्यप्रकृया र उपलब्धीहरुको बारेमा लेखाजोखा गरी सबल र दुर्बल पक्षहरुको पहिचान गर्न, विकास तथा सुशासनमा रहेका कमी कमजोरीहरुको जानकारी लिन, आवधिक समीक्षाको लागि आधार प्राप्त गर्न शासकीय प्रबन्ध, संगठन तथा प्रशासन, वार्षिक बजेट तथा योजना व्यवस्थापन, वित्तिय एवं आर्थिक व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, न्यायिक कार्य सम्पादन, भौतिक पूर्वाधार, सामाजिक समावेशीकरण, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन, सहकार्य र समन्वयको विषयगत क्षेत्रमा मन्त्रालयले तयार गरेको सफ्टवेयरमा विवरण प्रविष्ट गरी समग्र स्थिति, प्रकृयागत स्थिति र परिमाणात्मक स्थितिको विवरण मिति २०७७/१२/२२ गतेको कार्यपालिकाको बैठकबाट अनुमोदन गर्दै कुल प्राप्ताङ्क ६०.५ प्राप्त गरी राम्रो स्थानीय तहको रुपमा लुम्बिनी प्रदेशबाट पहिलो पटक र नेपालभरबाट २३ औं नम्बरमा विवरण सार्वजनिक गरिएको छ ।




## ३. सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न

**चैत्र २७:**

२०७७ चैत्र महिना २७ गते गुल्मीदरबार गाउँपालिकाले सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा जवाफदेही वक्ताको रुपमा उपाध्यक्ष मिना भण्डारी, प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण पाण्डे, वडाध्यक्षहरु र सम्बन्धित शाखा प्रमुखहरु रहेको थियो । कार्यक्रमको संचालन पत्रकार द्धय जनार्दन घिमिरे र नवराज भुसालले गर्नु भएको थियो । गुल्मीदरबार गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण पाण्डेले गाउँपालिकाले प्रदान गर्ने सेवा प्रवाहमा सेवाग्राहीबाट उठेका प्रश्न र जिज्ञासाहरुको बारेमा स्पष्ट पार्नुभएको थियो। गाउँपालिकामा संचालित विकास निर्माण र सेवा प्रवाह सम्बन्धमा सेवाग्राहीले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने र नागरिकबाट प्राप्त रचनात्मक सुझावहरुलाई ग्रहण गर्दै थप जिम्मेवार बनाउनका लागि यस्ता कार्यक्रमले महत्वपुर्ण भूमिका निर्वाह गर्ने बताउनुभयो।

कार्यक्रममा सेबाग्राहीले सडक, खानेपानी, शिक्षा, स्वास्थ्य, फोहोरमैला, कृषि समाग्री खरिद, अनुगमन, अटोको भाडादर निर्धारण लगायतका विषयमा दुई दर्जन भन्दा बढी प्रश्न राखेका थिए।












## ४. गुल्मीदरबार गाउँपालिकाको दोश्रो चौमासिक समिक्षा सम्पन्न

**चैत्र २७:**

गुल्मीदरबार गाउँपालिकाले दोश्रो चौमासिक समिक्षा सम्पन्न गरेको छ । गाउँपालिकाले आर्थिक वर्ष २०७७/०७८ मा दोस्रो चौमासिकमा गरेका कार्यहरूको एक कार्यक्रमका बिच समिक्षा गरेको हो । कार्यक्रममा दोस्रो चौमासिकमा सम्पादन गरेका कार्यको बारेमा प्रमुख प्रशासकिय अधिकृत लक्ष्मण पाण्डेले जानकारी गराउनु भएको थियो । उहाँले ४०.४१ प्रतिशत चालू तर्फको बजेट खर्च, २१.४० प्रतिशत पूँजिगत बजेट खर्च भैसकेको बताउनुभयो । गाउँपालिकाद्वारा कार्यसम्पादन सम्झौता गरेको, सम्झौता बमोजिम काम भएको वा नभएको मूल्यांकन, मासिक इ-बुलेटिन प्रकाशन गर्ने नेपालकै पहिलो स्थानीय तह बनेको, गाउँपालिकाको लोगो सार्वजनिक, सूचनाको हकको प्रत्याभूत गराउन सूचनाको हकको प्रकाशन, भूमी बैंक स्थापना, नागरिक सहायता कक्ष स्थापना, नागरिक सहायता पुस्तिका निर्माण, शाखा प्रमुखलाई स्थायी फोन नम्बरको ब्यवस्था, सबैतर्फ विद्युतिय हाजिरी, सेवा

प्रवाहमा नागरिकको सजिलोका लागि पावर ब्याकअपको ब्यवस्था, अनलाइन राजस्व संकलनका लागि आगामी बैशाख २ गते देखि सञ्चालन हुनेगरी सफ्टवेयरको ब्यवस्था गरिएको बताइएको छ । त्यस्तै स्वास्थ्यको क्षेत्रमा गाउँपालिकाले "कस्तो छ आमा" कार्यक्रम सञ्चालन गरेको, कृषिको क्षेत्रमा कृषकसँग कृषि प्राविधिक कार्यक्रम सञ्चालन, उपभोक्ताको सुबिधाको लागि वडामै पुगेर समिती सँग सम्झौता गर्ने कामको थालनी गरिएको र उपभोक्ता समितिको सजिलोको लागि योजना सम्बन्धी खाका र कागजात सहितको पुस्तिका वितरण गरिएको छ । प्रमुख प्रशासकीय अधिकृत पाण्डेले घुम्ती शिबिर मार्फत अपांग परिचयपत्र वितरण गरिएको बताउनुका साथै गाउँपालिकाले यहि चौमासिक देखि सञ्चारकर्मीलाई सूचना लिन सजिलोका लागि सामाजिक सञ्जालमार्फत आवश्यक सूचना दिने कामको थालनी गरेको समेत बताउनुभयो ।

प्रशासन योजना तथा अनुगमन शाखा प्रमुख टंक पन्थी, सामाजिक बिकास शाखा प्रमुख नवराज घिमिरे, स्वास्थ्य शाखा प्रमुख नारायण अर्याल लगायत सबै शाखा प्रमुख र सबै वडाका सचिवहरुले शाखागत कार्य प्रगतीको प्रस्तुततीकरण गर्नुभएको थियो। कार्यक्रममा नेकपा एमालेका जिल्ला कमिटी सदस्य कृष्ण प्रसाद खनालले गुल्मीदरबार गाउँपालिकाले अहिले सम्म गरेका काम प्रशंसनिय रहेको बताउनुभयो । नेपाली काँग्रेस गुल्मीदरबार गाउँपालिकाका सचिब राम बहादुर थापाले गाउँपालिकाले गरेका कामले स्थानीयहरु खुसी रहेको बताउनुभयो । नेकपा माओवादी केन्द्रका सचिवालय सदस्य मनिराम ज्ञवालिले गाउँपालिकाले कुमाल जातिको उत्थानका निम्ति अझै धेरै काम गर्नुपर्ने सुझाव दिनुभयो । नेपाल पत्रकार महासंघ गुल्मीका निवर्तमान अध्यक्ष नवराज भुसालले आजकाल गुल्मीदरबार गाउँपालिकाको नाम देशैभर सुनिन लागेको भन्दै कामको प्रसंशा गर्नुभयो ।








## ६. व्यक्तिगत घटनादर्ता किताबको डिजिटाईजेसन

गुल्मीदरबार गाउँपालिका अन्तर्गत वडा कार्यलयहरुमा रहेका व्यक्तिगत घटना दर्ता किताबहरुको डिजिटाईजेसन गर्ने प्रकृया अन्तिम चरणमा पुगेको छ। हालसम्म ३१५०० को संख्यामा घटना डिजिटाईजेसन भईसकेका छन।

## ७. गाउँपालिकाको अनलाईन राजस्व संकलन सम्बन्धी प्रशिक्षण कार्यक्रम



गुल्मीदरबार गाउँपालिकाको नीति तथा कार्यक्रम अनुसार यस आ.व.मा पालिकाले लिने सम्पूर्ण राजस्व रकमहरु अनलाईन प्रणालीबाट लिने व्यवस्थाको लागि गाउँपालिकाका सबै वडाका वडा सचिवहरुलाई २०७७।१२।२३ र २४ गते २ दिने प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।

## ७. ३१ पसलहरुको बजार अनुगमन, ९ पसललाई कारवाही, रु. ९००० राजश्व असुल



नागरिकहरुले स्वस्थ र गुणस्तरयुक्त सामग्रीहरु उपभोग गर्न पाउने अधिकारलाई सुनिश्चित गर्न बजार अनुगमन गरिएको गर्ने व्यवस्था मिलाईएको छ ।







गुल्मीदरबार गाउँपालिकाले मिति २०७७।१२।३० गते बजार अनुगमन गरेको छ । बजार अनुगमनको क्रममा म्याद गुज्रेका खाध्य पदार्थ (सुजी, फुरन दाना, भुजा, चिउरा, आटा, मिठाई, बिस्कुट), मसलाजन्य पदार्थ (मिट मसला, सब्जी मसला, चाट मसला, बेसार, खुर्सानी पाउडर), पेय पदार्थ (फ्रुटी, कोक, फेन्टा, स्प्राइट लगायत), कस्मेटिक सामग्री (क्रिम, फेसियल क्रिम, मेहन्दी, बोडी परफ्यूम, पाउडर), म्याद गुर्जेका पेन्टहरु, टुथ पेस्टहरू, विद्यालयको १०० मिटर भित्रका पसलहरुबाट सूर्तिजन्य पदार्थ, चुरोट लगायतका सामग्रीहरु ९ वटा पसलहरुबाट जफत गरी जम्मा रु. ९००० जरीवाना रकम असुल गरिएको छ।

# पूर्वधार विकास तथा वातावरण व्यवस्थापन शाखा

## १. खर्ज्याङ्ग बाखे बन्द्रखुट्टा बिरबास सिस्ने जुभुङ्ग सडक निर्माण कार्य सम्पन्न

आ.व २०७७/०७८ मा खर्ज्याङ्ग बाखे बन्द्रखुट्टा बिरबास सिस्ने जुभुङ्ग सडकको के.डी कन्सट्रक्सन प्राली. सँग रु ४१,२७,८८९.१६ सम्झौता भई हाल पहिलो रनिङ्ग बिल रकम रु. ४,१२,७४५.३० भुक्तानी भई २०% काम सम्पन्न भएको छ।




## २. पदम वहादुर मा.विको कम्पाउण्ड निर्माण कार्य सम्पन्न

पदम वहादुर मा.वि कम्पाउण्ड निर्माण उ.स. वडा न. १ समितिद्वारा पदम बहादुर मा.वि कम्पाउण्ड (विनीयोजीत बजेट रु.२,४२,०००) सम्पन्न गरेको छ ।




## ३. पिपल पोखरा ट्रस्ट निर्माण कार्य सम्पन्न

पिपल पोखरा ट्रस्ट निर्माण निर्माण उ.स. वडा न. १ समितिले पिपल पोखरा ट्रस्ट निर्माण (विनीयोजीत बजेट- रु. २,००,०००) सम्पन्न गरेको छ ।




## ४. उपल्लो छतडाडाँ ग्याविन निर्माण

उपल्लो छतडाँडा ग्याविन निर्माण उ.स. वडा न. १ समितिले उपल्लो छतडाँडा ग्याविन निर्माण विनीयोजीत बजेट)रु.२,५०,०००) सम्पन्न गरेको छ ।




## ५. हाल सम्म सम्झौता भएको योजनाहरुको विवरण

आ.व. ०७७/०७८ मा गाउँपालिका तथा वडास्तरीय विभिन्न योजनाहरु उपभोक्ता समिति मार्फत संचालन भैरहेका छन् । २०७७ चैत्र मसान्त सम्म उपभोक्ता समिति मार्फत संचालन भएका योजनाहरुको संख्या १८० रहेको छ ।

**चैत्र महिनामा उपभोक्ता समिति मार्फत संचालन हुने योजनाहरुको सम्झौता विवरण**

| सि.न. | योजनाको नाम | वडा न. | ल ई रकम | विनियोजित रु. | लागत सहभागिता रु. | सम्झौता मिति | सम्पन्न हुने मिति |
|---|---|---|---|---|---|---|---|
| १ | म्यालडाँडा खा.पा. ट्ङकी निर्माण | ७ | १७९०८६.७२ | १६०००० | १९०८६.७२ | २०७७-१२-०२ | २०७८-०१-३० |
| २ | मनकामना मन्दिर निर्माण वडा नं.२ | २ | ६४२३७८.७८ | ५५०००० | ९२३७८.७८ | २०७७-१२-२९ | २०७८-०२-१५ |
| ३ | भर्लाडाडा पुरानो ठाडो बाटो निर्माण | १ | १७१०१२.४७ | १५०००० | २१०१२.४७ | २०७७-१२-१६ | २०७८-०१-३० |
| ४ | टारी राधाकृष्ण मन्दिर पौवा निर्माण | १ | २४९६४१.३५ | २००००० | ४९६४१.३५ | २०७७-१२-०१ | २०७७-१२-३० |
| ५ | चिल्ले खेत भन्ने खेत संरक्षण | ६ | १७४१७२.३९ | १५०००० | २४१७२.३९ | २०७७-१२-०२ | २०७८-०१-३० |
| ६ | घोराहा फाँट सिचाई योजना | २ | ३३९११५.२१ | ३००००० | ३९११५.२१ | २०७७-१२-०३ | २०७८-०१-३० |
| ७ | फेदी पहिरो रोकथाम | ७ | २४००४५.९७ | २००००० | ४००४५.९७ | २०७७-१२-०३ | २०७८-०१-३० |
| ८ | जनता प्रा.वि.को पर्खाल निर्माण | २ | ५७१६० | ५०००० | ७१६० | २०७७-१२-०४ | २०७७-१२-३० |
| ९ | झाक्रीपानी श्रीनगर खा.पा.योजना | ४ | ६९७९१२.६४ | ६००००० | ९७९१२.६४ | २०७७-१२-०५ | २०७८-०१-३० |
| १० | ठुलो पंधेरा तथा गोरेटो बाटो मर्मत | ३ | ११०१२२.२२ | १००००० | १०१२२.२२ | २०७७-१२-०६ | २०७८-०१-३० |
| ११ | ठला आँगन-हटिया -गैराबारी -बेतपानी -भलायचौर -बस्नेतको पोखरा-पोखराढिका एअरपोर्ट जाने मो.बा.स्तरोन्ती वडा नं.६ | ६ | ११३८४६९.८३ | १०००००० | १३८४६९.८३ | २०७७-१२-०६ | २०७८/२/३० |

| सि.न. | योजनाको नाम | वडा न. | ल ई रकम | विनियोजित रु. | लागत सहभागिता रु. | सम्झौता मिति | सम्पन्न हुने मिति |
|---|---|---|---|---|---|---|---|
| १२ | प्रहरी चौकीतारबार | ६ | १६८७३१.६ | १५०००० | १८७३१.६ | २०७७-१२-०६ | २०७८-०१-३० |
| १३ | मजुवा घोडाहा -हुल्टुङ्ग मो.बा.स्तरउन्ती | २ | ११३३९४४.९५ | १०००००० | १३३९४४.९५ | २०७७-१२-०६ | २०७८-०१-३० |
| १४ | निदुर रिङ्गरोड मो.बा. तारजाली तथा ग्याविन | ३ | ५९२७७.९ | ५०००० | ९२७७.९ | २०७७-१२-०८ | २०७८-०१-३० |
| १५ | सुपाखोला देवि देउराली मन्दिर निर्माण | ३ | ४४७४६८.५५ | ४००००० | ४७४६८.५५ | २०७७-१२-०८ | २०७८-०२-१५ |
| १६ | आवाङ्गदीगैरा रुमापोखरा लिफ्ट खानेपानी योजना | ४ | ३३७८५७५.६२ | ३०००००० | ३७८५७५.६२ | २०७७-१२-०९ | २०७८/२/३० |
| १७ | ठुलाचौर मिदुनकाचौर उखाप रोटेपानी सल्लेरी पिडीडाडाँ कोल तथा कार्की घरसम्मा मो.बा.स्तरउन्ती | ७ | ३९९७२९.९८ | ३५०००० | ४९७२९.९८ | २०७७-१२-०९ | २०७७-०१-३० |
| १८ | म्यालपोखरी मा.वि.रंगरोगन | ३ | ५५३३७९.२८ | ५००००० | ५३३७९.२८ | २०७७-१२-०९ | २०७८-०१-३० |
| १९ | टापु आलमदेवी मो.बा.तारजाली निर्माण | १ | २८११६१.७९ | २५०००० | ३११६१.७९ | २०७७-१२-०९ | २०७८-०१-३० |
| २० | मर्मत संभार वार्ड न १ | १ | ८९८८३३.१३ | ८००००० | ९८८३३.१३ | २०७७-१२-१० | २०७८-०१-३० |
| २१ | घुम्टी पुर्खे बिरमान मो.बा. सोलिङ्ग स्लेप ढलाई योजना | ३ | २७४७५९.१३ | २५०००० | २४७५९.१३ | २०७७-१२-१० | २०७८-०१-३० |
| २२ | माईकास्थान मन्दिर घडेरी निर्माण | ७ | ५५६१२९.७४ | ५००००० | ५६१२९.७४ | २०७७-१२-१० | २०७७-०२-१५ |
| २३ | ठुलान भतेरपाटा तारजाली | ६ | ६८२१६.५७ | ६०००० | ८२१६.५७ | २०७७-१२-१० | २०७८-०१-३० |
| २४ | तल्लो निरल्दी खोलर्या खा.पा .मर्मत | ६ | ४५११९.९ | ४०००० | ५११९.९ | २०७७-१२-१० | २०७८-०१-३० |
| २५ | खोल्या भल संरक्षण तथा ढुङ्गी टंकी मर्मत | ६ | ५७६४६.१६ | ५०००० | ७६४६.१६ | २०७७-१२-१० | २०७८-०१-३० |
| २६ | सुर्योदय मा.वि. कम्पाउड तथा तारबार | २ | ११२३४३७.८७ | १०००००० | १२३४३७.८७ | २०७७-१२-१० | २०७७-०२-१५ |
| २७ | गरमटारी सिचाई कुलो मर्मत | ४ | २२२१४९.७७ | २००००० | २२१४९.७७ | २०७७-१२-१० | २०७७-०१-३० |
| २८ | खज्याङ्ग बाखे बन्द्रखुट्टा बिरबास सिस्ने जुभुङ्ग सडक स्तरउन्ती | ० | १००००००० | १०००००० ० | ० | २०७७-१२-११ | २०७७-०३-२५ |
| २९ | रुन्खादह मा.वि.ट्रस्ट निर्माण | ४ | ९५०२७६.९६ | ८५५००० | ९५२७६.९६ | २०७७-१२-११ | २०७८/२/३० |
| ३० | बारवेनी हिल्मी खा.पा.टंकी निर्माण | २ | २२७०७१.२५ | २००००० | २७०७१.२५ | २०७७-१२-१२ | २०७८-०१-३० |
| ३१ | काफलपानी खाम्जा डौडाल मोटर बाटो विस्तार | ३ | ४१९४३१.०२ | ३७५००० | ४४४३१.०२ | २०७७-१२-१२ | २०७८-१२-३० |
| ३२ | धारापानी डाईनडाडा खा.पा.टंकी निर्माण | २ | २२२८०९.३२ | २००००० | २२८०९.३२ | २०७७-१२-१२ | २०७८-०१-३० |
| ३३ | म्यालपोखरी मा.वि.रंगरोगन | ३ | ५५३३७९.२८ | ५००००० | ५३३७९.२८ | २०७७-१२-१२ | २०७८-०१-३० |
| ३४ | हिल्मी कोटघर ठुलापंधरा गो.बा. | २ | १११०१५.९९ | १००००० | ११०१५.९९ | २०७७-१२-१६ | २०७७-०१-३० |
| ३५ | महाकाली नि.मा.वि शौचालय निर्माण | २ | ७७५५९१.५३ | ७००००० | ७५५९१.५३ | २०७७-१२-१७ | २०७८-०२-१५ |
| ३६ | श्यालापानी मोटर बाटो | ७ | ५८१२१.९३ | ५०००० | ९६२१.९३ | २०७७-१२-२३ | २०७७-०१-३० |
| ३७ | काब्रेपोखरी मा.वि.फोहोर पानी ब्यवस्थापन | २ | १६८५००.७८ | १५०००० | १८५००.७८ | २०७७-१२-२९ | २०७८-०१-३० |
| ३८ | कुडर कटर रुख मो.बा. | ७ | ४६४७७.२ | ४०००० | ६४७७.२ | २०७७-१२-२५ | २०७७-०१-३० |
| ३९ | कुमाल गाउँ देखि निरलङ बजारमुडा सिख मो.बा. | १ | २२०१२६.४७ | २००००० | २०१२६.४७ | २०७७-१२-२६ | २०७८-०१-३० |
| ४० | अन्तरपानी खोरेपानी तारजाली निर्माण | ६ | ११३३२७ | १००००० | १३३२७ | २०७७-१२-२६ | २०७८-०१-३० |
| ४१ | कालिमाटी कोटटोला लिफ्ट खानेपानी | २ | ३७९०६३.८३ | ३५०००० | २९०६३.८३ | २०७७-१२-२६ | २०७७-०२-१५ |
| ४२ | भुतदुलो खा.पा. टंकी निर्माण | १ | २७०८७९.५९ | २५०००० | २०८७९.५९ | २०७७-१२-२६ | २०७८-०२-१५ |

| सि.न. | योजनाको नाम | वडा न. | ल ई रकम | विनियोजित रु. | लागत सहभागिता रु. | सम्झौता मिति | सम्पन्न हुने मिति |
|---|---|---|---|---|---|---|---|
| ४३ | हुल्टुङ्ग टङलाजी -घुर्मी पल्लीकोट -भेडुवा सडक कलर्भट निर्माण | २ | ११३४७७४.१२ | १०००००० | १३४७७४.१२ | २०७७-१२-२९ | २०७८-०२-१५ |
| ४४ | झिरबास नेटा लुम्पेक मोटर बाटो मर्मत | १ | ३८८८६७.८९ | ३५०००० | ३८८६७.८९ | २०७७-१२-२९ | २०७७-०१-३० |
| ४५ | सुर्योदय मा.वि पर्खाल निर्माण | २ | ५६३२२४.७९ | ५००००० | ६३२२४.७९ | २०७७-१२-२९ | २०७८-०२-१५ |
| ४६ | रुरु रेसुङ्गा पर्यटन प्रवर्धन स्तरउन्नती | ३ | ७२७८९८.२३ | ६४०००० | ८७८९८.२३ | २०७७-१२-२९ | २०७८-०२-१५ |
| ४७ | सादीगैरा तल्ला छहरा खानेपानी टंकी निर्माण | २ | २२५९९३.५५ | २००००० | २५९९३.५५ | २०७७-१२-३० | २०७८-०२-१५ |
| ४८ | बडहरे मो.बा.निर्माण | ७ | १६३१०७.२६ | १५०००० | १३१०७.२६ | २०७७-१२-३० | २०७८-०१-३० |
| ४९ | डुमटारी सिंचाई योजना | ५ | १०९९१८ | १००००० | ९९१८ | २०७७-१२-३० | २०७८-०१-३० |
| ५० | बलिथुम नरहरि कण्डेल मा.वि.ताराबार | १ | २६२३६७ | २५०००० | १२३६७ | २०७७-१२-३० | २०७८-०२-१५ |
| ५१ | गौडाकोट जुभुङ्ग सडक सुपाखोला देउराली खण्डको सल्लेरी देखि कमरपानी डाँडा सम्म | २ | ४९०४७२.२३ | ४९०४७२.२३ | ० | २०७७-१२-१८ | २०७८/२/३० |
| ५२ | सिमालपाटा ठुलाखर्क खानीमोर चारखुट्टे मोटर बाटो निर्माण वडा नं. १ | १ | ४७९८५१.७२ | ४७९८५१.७२ | ० | २०७७-१२-१५ | २०७८-०१-३० |
| ५३ | गंगा आधारभुत विद्यालय भवन फाउन्डेसन निर्माण | ६ | ६८७७६७.७८ | ५००००० | १८७७६७.७८ | २०७७-१२-०९ | २०७८-०१-३० |

## निर्माण व्यवसायीबाट संचालन हुने योजनाहरुको विवरण

| सि.न. | योजनाको नाम | लई रकम रु | कुल कबोल रु. | निर्माण फर्म | सम्झौता मिति |
|---|---|---|---|---|---|
| १ | खज्याङ्ग बाखे बन्द्रखुट्टा बिरबास सिस्ने जुभुङ्ग सडक स्तरउन्ती | १०००००००० | ४०४२८९९.१६३ | के.डी कन्स्ट्रक्सन प्रा.लि. | २०७७-१२-११ |
| २ | गौडाकोट जुभुङ्ग सडक सुपाखोला देउराली खण्डको सल्लेरी देखि कमरपानी डाँडा सम्म | ४९०४७२.२३ | ४७६१८६.६३३ | सुनौलो कन्सट्रक्सन एण्ड विल्डर्स प्रा.लि. | २०७७-१२-१८ |
| ३ | सिमालपाटा ठुलाखर्क खानीमोर चारखुट्टे मोटर बाटो निर्माण वडा नं. १ | ४७९८५१.७२ | ४६५८७५.४५०८ | तारा लक्ष्मी निर्माण सेवा | २०७७-१२-१५ |

# सामाजिक तथा आर्थिक विकास

## शिक्षा तथा खेलकुद

### १. गाउँपालिकाको समग्र शैक्षिक अवस्था

**विद्यालयको विवरण :**

| क्र.सं | विवरण | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| १. | वालविकास | ४२ | ० | ४२ |
| २. | प्राथमिक (१-५) | १४ | ० | १४ |
| ३. | नि.मा.वि (६-८) | ४ | ० | ४ |
| ४. | मा.वि . (९-१०) | ४ | २ | ६ |
| ५. | मा.वि (११-१२) | ६ | ० | ६ |
|  | जम्मा | ७० | २ | ७२ |

## शिक्षकको विवरणः

| क्र.सं | विवरण | दरबन्दी | राहत /अनुदान | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १. | वालविकास स.का | ३३ |  |  |  |
| २. | प्राथमिक | १०५ | १८ | १२३ |  |
| ३. | नि.मा.वि | १९ | १४ | ३३ |  |
| ४. | मा.वि . (९-१०) | १३ | १० | २३ |  |
| ५. | मा.वि (११-१२) | ४ | २ | ६ |  |
| ६ | प्राविधिक धार तर्फका | ४ | ० | ४ |  |

## विद्यार्थी विवरण :

| क्र.सं | विवरण | छात्रा | छात्र | जम्मा | दलित |
|---|---|---|---|---|---|
| १. | वालविकास स.का | ४२१ | ४२१ | ८४२ | १३६ |
| २. | प्राथमिक | १०२६ | १२२४ | २२५० | ४०२ |
| ३. | नि.मा.वि | ५६२ | ६३५ | ११९७ | १९९ |
| ४. | मा.वि . (९-१०) | ३४६ | ३४१ | ६८७ | १२३ |
| ५. | मा.वि (११-१२) | २७३ | १५८ | ४३१ | ५८ |
| ६ | प्राविधिक धार तर्फका | १३ | १६ | २९ | ४ |

## तहगत सिकाई उपलब्धी

| क्र.सं. | तह | तहगत सिकाई उपलब्धि | कैफियत |
|---|---|---|---|
| १ | प्राथमिक तह | ६८.२० | |
| २ | नि.मा.वि तह | ६२.५० | |
| ३ | मा.वि (९-१०) | ५९.८० | |
| ४ | मा.वि (११-१२) | ५८.७० | |
| | जम्मा | ६२.३० | औसत सिकाइ उपलब्धि |
| ५ | प्राविधिक धार तर्फको | ७६.३० | |

### २. दोस्रो राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता सम्पन्न

"स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद" भन्ने नारा सहित गुल्मीदरबार गाउँपालिकाद्वारा दोस्रो राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता सम्पन्न भएको छ। प्रतियोगिता चैत्र १४ देखि १६ सम्म रुन्खादह माध्यामिक विद्यालयमा चलेको थियो। १६ विद्यालयको सहभागिता रहेको प्रतियोगितामा जम्मा १६ फरक फरक विधामा खेल सञ्चालन गरी सोही अनुसार खेलाडीलाई प्रतिस्पर्धा गराईएको थियो। प्रतियोगितामा रुन्खादह माविले प्रथम स्थान प्राप्त गर्न सफल भएको थियो भने सूर्योदय मावि र ईश्वरी माविले क्रमश दोस्रो र तेस्रो स्थान प्राप्त गर्न सफल भएका थिए।





## स्वास्थ्य

### १. स्वास्थ्य संस्थाहरुको मासिक समिक्षा सम्पन्न

गुल्मीदरबार गाउँपालिका, स्वास्थ्य शाखा र अन्तर्गतका स्वास्थ्य सस्थांहरुको २०७७/१२/०६ गते प्रमुख प्रशासकीय अधिकृत श्री लक्ष्मण पाण्डेको अध्यक्षता एबम स्वास्थ्य अधिकृत नारायण प्रसाद अर्यालको सहजिकरणमा दोस्रो चौमासिक समीक्षा तथा कार्ययोजना बैठक देहाय बमोजिम छलफल तथा निर्णय गरि सम्पन्न भयो ।

१. आ-आफ्नो सस्थाले सम्पादन गरेका कार्यहरूको प्रस्तुतिकरण तथा चौमासिक समिक्षा ।

२. अघिल्लो चौमासिकमा भएका निर्णयहरूको कार्यान्वयनको समिक्षा ।

३. सेवा प्रवाह गर्दा आईपरेका विभिन्न समस्याहरूको बारेमा छलफल गर्दै प्रभावकारी सेवा प्रवाहको लागि कटिवद्ध र प्रतिवद्ध हुने निर्णय ।

४. गुणस्तरिय प्रभावकारि र शर्बशुलभ स्वास्थ्य सेवा प्रभाह कार्यक्रमलाई थप प्रभावकारी बनाउन आवश्यक कार्य गर्ने ।

५. गाउँपालिकाले ल्याएको कस्तो छ आमा कार्यक्रम, बिध्यालय केन्द्रीत साथि शिक्षा कार्यक्रम, घरघरमा जेष्ठ नागरिक उपचार कार्यक्रम, मासिक तौल अनुगमन दिबस, दिर्घ रोगिका लागि निशुल्क औषधि उपचार (उच्च रक्तचाप, मधुमेह र दम रोग) कार्यक्रम आदीलाइ थप प्रभाबकारी बनाउने।







**२. स्वास्थ्य आमा समूह बैठक सम्पन्न**

रोग लागेपछि उपचार गर्नुभन्दा रोग लाग्न नदिनु नै वेस भन्ने अबधारणा सहित स्वास्थ्य प्रबर्धन कार्यक्रम सन्चालन गर्दै स्वास्थ्य आमा समुहको नियमित मासिक बैठक सम्पन्न।














### ३. विद्यालय केन्द्रीत साथि शिक्षा कार्यक्रम

किसोरावस्थामा हुने शारिरिक, मानसिक तथा सामाजिक परिवर्तनहरुलाई सहज व्यवस्थापन गर्दै कुलतमा फस्नबाट जोगाउन र किसोरावस्थामा स्वास्थ्यलाई बिशेष ख्याल गर्न विद्यालय केन्द्रित साथी शिक्षा




कार्यक्रम गुल्मीदरबार गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा निरन्तर सन्चालन भैरहेको छ।

## कृषि

### १. कृषकहरूको फर्मको अवलोकन, अनुगमन तथा निरीक्षण




यस गाउँपालिका भित्र रहेका कृषकहरुको खेतबारीमा आइपरेका समस्याबारे बुझ्नको लागि र संघ, प्रदेश तथा यस गाउँपालिकाबाट संचालित कार्यक्रमहरुको कृषि विकास शाखाबाट अनुगमन गरी आवश्यक सुझाव तथा सरसल्लाह प्रदान गरिएको छ।




### २. कृषकसँग कृषि प्राविधिक कार्यक्रम संचालन

यस गुल्मीदरबार गाउँपालिकाले संचालन गरेको कृषकसंग कृषि प्राविधिक कार्यक्रमलाई निरन्तरता दिदै चैत्र महिनामा पनि ३१ जना कृषकहरुसंग प्राविधिकहरुले प्रत्यक्ष भेटघाट गरी उहाँहरुलाई नियमित प्रविधिक सेवा प्रदान गरिएको छ।। आफ्नो पशुपंक्षी सम्बन्धी समस्या तथा कृषि सम्बन्धी विभिन्न समस्याहरु प्राविधिकहरुसँग राख्न गाउँपालिकाले हार्दिक अपिल समेत गर्दछ ।




# सामाजिक विकास तथा लैंगिक समानता

## १. महिला अनुशिक्षण तालिम सम्पन्न

यस गुल्मीदरबार गाउँपालिकाको आयोजनामा गुल्मीदरबार गाउँपालिका ७ नं. वडामा महिला समूह तथा संस्थामा आवद्ध भएका महिनाहरुका लागि महिला अनुशिक्षण तालिम सम्पन्न





गरियो । हाल सम्म महिला प्रशिक्षण तालिम नलिएका समूह संस्थाको महिलाहरुलाई उक्त तालिम दिइएको थियो । प्रत्येक वडामा २ दिन सम्म संचालन भएको उक्त तालिममा महिला विकास कार्यक्रम, समूह गतिशिलता, बचत, नेतृत्व तथा संचार, लैगिक हिंसा तथा जेन्डर, प्रजनन् स्वास्थ्य , घरेलु हिंसा, ग्रामीण व्यवसाय, महिला शशक्तिकरण लगाएत विभिन्न ९ वटा विषयबस्तु समावेश गरिएको थियो । प्रत्येक्ष रुपमा २१० जना महिला सहभागिता भएको उक्त तालिमले महिलाहरुले आफ्नो काम गर्ने क्षमतामा वृद्धि भएको अपेक्षा गरिएको छ । उक्त तालिम लिएका २१० जना महिलाहरुले आफ्नो समूह तथा संस्थाका अन्य महिलाहरुलाई प्रशिक्षण दिने व्यवस्था मिलाइएको हुदा समूह तथा संस्थाका अन्य महिलाहरुले समेत उक्त तालिमबाट लाभान्वित भएका छन् ।



# सूचना प्रविधि तथा विद्युत्तिय सुशासन

## १. कार्यालयको वेभसाईट, सामाजिक संजाल र मोबाईल एप्समा अध्यावधिक

गाउँपालिकाबाट सम्पादन भएका हरेक कृयाकलापहरुलाई दैनिक रुपमा कार्यालयको सामाजिक संजाल, वेभसाईट र मोबाईल एप्समा सूचना तथा जानकारीहरु अध्यावधिक गराई नागरिक र आम सरोकारको









सूचनाको हकलाई प्रभावकारी कार्यान्वयन गरिएको ।

## २. E-System को राजश्व संकलन प्रणाली जडान

गुल्मीदरबार गाउँ कार्यपालिका अन्तर्गतका वडा कार्यालयहरु तथा कार्यपालिकाको कार्यालयमा राजश्व संकलन प्रणाली जडान गरि संचालनमा ल्याइएको छ ।पारदर्शिता कायम गर्नु र राजश्वको वास्तवि प्रक्षेपणमा सहयोग पुर्याउनु यसको उद्धेश्य रहेको छ। जुनसुकै समयमा राजश्वको तात्कालिन अवस्था सजिलै प्राप्त गर्न सकिन्छ। करदाताले आफूले तिरेको करको विवरण तुरुन्तै आफ्नो मोबाईलमा SMS मार्फत प्राप्त गर्नु यसको अर्को विशेषता हो।





# यस महिनामा भएका कार्यपालिकाका निर्णयहरु

## मिति २०७७/१२/१७ गतेको गाउँकार्यपालिकाको १८ औं बैठकका प्रस्ताब तथा निर्णयहरु

### प्रस्तावहरु

१. अघिल्लो बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा ।
२. गाउँपालिकाका अध्यक्षज्यूको सिघ्र स्वास्थ्य लाभको कामना सम्बन्धमा ।
३. १५ शैयाको अस्पताल निर्माणको लागि खरिद गर्ने प्रक्रियामा रहेको जग्गाको मुआब्जा सम्बन्धमा ।
४. कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रण सम्बन्धमा
५. एम.आई.यस. अपरेटर र फिल्ड सहायकको म्याद थप तथा प्रतिबद्धता सम्बन्धमा ।
६. कर्मचारी दरबन्दीको लागि O&M (संगठन तथा व्यवस्थापन ) Survey गर्ने सम्बन्धमा ।
७. पालिकालाई बालश्रमिक मुक्त स्थानीय तह घोषणा गर्ने सम्बन्धमा ।
८. लुम्बिनी प्रदेशको लगानी सम्मेलनमा पेश गर्ने योजनाहरु छनौट गर्ने सम्बन्धमा ।
९. कृषि औजारहरु खरिद सम्बन्धमा ।
१०. ज्यालादारीमा राखिएका कार्यालय सहयोगिहरुको पारिश्रमिक सम्बन्धमा ।
